# ऐश्वर्य विद्या निकेतन
## माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (से.अ.), नेपाल
(स्थापित : २०३३)

पत्र संख्या : २०७९/०८०
चलानी नम्बर : ३८६

मिति : २०८०।०३।१०

श्री सम्पादकज्यू
दिनेश खबर
धनगढी, कैलाली ।

विषय : समाचारको खण्डन गरिएको बारे ।

उपर्युक्त सम्बन्धमा त्यस दिनेश खबरको मिति २०८०।०३।०१ गतें पत्रकार नारायण अवस्थीद्वारा प्रकाशित "यसरी गरिदैछ धनगढीको ऐश्वर्य विद्या निकेतनको दोहन "शीर्षकको समाचार प्रति देहाय वमोजिम हाम्रो ध्यानाकर्षण भएकोले उक्त समाचारको खण्डन गरिएको छ ।

(१) ऐश्वर्यको नाम र ब्राण्डलाई भजाएर क्याम्पसले विद्यालयमा आर्थिक र शैक्षिक दोहन सम्वन्धमा : ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीको विधान २०५९ वमोजिम विद्यालय सञ्चालन गर्ने सामाजिक आवश्यकतानुसार नेपाल सरकारको कानूनको परिधिभित्र रही विधान २०५९को परिच्छेद-२को दफा ३.१मा व्यवस्था भए अनुरुप भविष्यमा स्नातक तहसम्म शिक्षा दिने उद्देश्य वमोजिम विद्यालय व्यवस्थापन समितिको मिति २०६२।१२।०९को निर्णय नं. १२२ अनुसार ऐश्वर्य सार्वजनिक शैक्षिक गुठी अर्न्तगत रहने गरी ऐश्वर्य वहुमुखी क्याम्पसको सञ्चालन गरिएको हो । ऐश्वर्य सार्वजनिक शैक्षिक गुठी अर्न्तगत ऐश्वर्य विद्या निकेतनम मा.वि.र ऐश्वर्य वहुमुखी क्याम्पस सञ्चालनमा छन् । यसमा दोहनको त कुनै प्रश्न नै छैन । यो कपोलंकल्पित समाचार हो ।

(२) ऐश्वर्य स्कूलको जग्गा क्याम्पसको नाममा सित्तैमा पास सम्वन्धमा : विश्वविद्यालय अनुदान आयोगको नियमानुसार क्याम्पसलाई नियमित तथा विभिन्न अनुदान पाउंनका लागि क्याम्पसको नाममा जग्गा दर्ता हुनुपर्ने प्रावधान रहेकोले ऐश्वर्य विद्यालय व्यवस्थापन समितिको मिति २०७२।०९।०३को निर्णय नं.१ र मिति २०७३।०५।२६को निर्णय नं.१ अनुसार ऐश्वर्य वहुमुखी क्याम्पसले भोग चलन गर्ने मुरी र भविष्यमा क्याम्पस अन्य विश्वविद्यालयमा समायोजन भएको खण्डमा जग्गा दाता ऐश्वर्य विद्या निकेतन मा.वि.लाई जग्गा वा चलन चल्तीको दररेट अनुसार उक्त रकम हस्तान्तरण गर्ने गरी पास गरिएको हो । सित्तैमा जग्गा पास गरिएको भन्ने समाचार भ्रमपूर्ण हो ।

(३)क्याम्पसलाई मासिक १६ लाख बुझाएउदै ऐश्वर्य स्कूल सम्वन्धमा: ऐश्वर्य विद्या निकेतन विद्यालय व्यवस्थापन समितिको मिति २०७५।०३।०१को निर्णय नं.६२ मिति २०७५।०४।२९को निर्णय नं.५ अनुसार, क्याम्पसमा समायोजन भएको जनशक्तिले विद्यालयमा पनि न्युनतम वर्कलोड वा सो भन्दा बढी पिरीयड अध्यापन गरे वाफत सो को पारिश्रमिक शिक्षकहरुको खातामा पठाईन्छ । ऐश्वर्य वहुमुखी क्याम्पसको खातामा पठाईने भनि प्रेषित गरेको समाचारमा सत्यता छैन ।

फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९

# ऐश्वर्य विद्या निकेतन
## माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (से.अ.), नेपाल
(स्थापित : २०३३)

पत्र संख्या :
चलानी नम्बर : मिति :

ऐश्वर्य वहुमुखी क्याम्पसले सर्वसुलभ शुल्कमा स्नातकोत्तर तह सम्मको पढाई सञ्चालन गरी समाजलाई लाभान्वित गरेको कुरा के समाजको हित विपरित हो र ? हाल क्याम्पसमा करीव २७०० विद्यार्थी रहेको र उक्त विद्यार्थीहरुको शुल्कवाट क्याम्पस पनि आर्थिक रुपमा सवल हुदै गैरहेको र क्याम्पससंग भएको कुनै पनि आर्थिक साधन श्रोत विद्यालयको आवश्यकता वमोजिम परिचालन गर्न सक्ने अवस्था समेत रहेको छ ।

(८) प्राचार्यको नियुक्तिमा क्याम्पस प्रमुखको भूमिका सम्वन्धमा : विद्यालय सञ्चालन विनियम २०७८को परिच्छेद-३ को दफा-९ मा विद्यालयको प्राचार्यको नियुक्ति र योग्यताः सम्वन्धि प्रावधान स्पष्टै तोकिएको छ । यसमा क्याक्पस प्रमुखको भूमिकाको सवाल नभएर समन्वय गर्ने सवाल मात्र हो । यसरी ऐश्वर्य विद्या निकेतनलाई दोहन गरिएको भन्ने कुरामा कुनै सत्यता देखिदैन ।

तत्कालिन अवस्थामा गुणस्तरीय शिक्षाका अभिलाषी समाजका गण्यमान्य व्यक्तिहरु द्वारा स्थापित ऐश्वर्य विद्या निकेतन एक विशिष्ट प्रकृतिको शैक्षिक संस्था हो । यस संस्थावाट उत्पादित दक्ष जनशक्ति देशभित्र नभएर विदेशमा समेत आ-आफनो पेशा व्यवसायमा सफलता हासिल गरिरहेका छन् । वि.स.२०३३ सालमा प्रा.वि.तह बाट स्थापित संस्था विभिन्न कालखण्डमा बढदै झाँगिदै नि.मा.वि.,मा.वि.,उ.मा.वि.,स्नातक तह हुदै हाल आएर स्नातकोत्तर तहसम्म गरि यस संस्थामा ६५०० भन्दा वढी विद्यार्थीहरु अध्यापनरत छन भने १४२ शिक्षक/कर्मचारीहरु कार्यरत छन ।

विशुद्ध शिक्षण सेवामा समर्पित ऐश्वर्य विद्या निकेतनको बारेमा विगतमा पनि भ्रामक समाचारहरु सम्प्रेषण भएकै हुन । तर पनि ऐश्वर्य विद्या निकेतन आफ्नो कर्तव्यपथमा अविचलित भई हिडीरहेको छ र हिडिनै रहने छ । भावावेशमा आएर कलम चलाउंनुको सट्टा दिनेश खबरले ऐश्वर्य जस्तो राष्ट्कै अनुपम शिक्षण सिकाई केन्द्र बन्नसक्ने सम्भावना वोकेको संस्थाको विहङ्गम विकासका लागि केही परिस्कृत शव्दहरु खर्चेर राज्यको ध्यानाकर्षण गराउंन योगदान दिनु हुनेछ भन्ने अपेक्षा गरेका छौं । तर पनि हामीहरु यस विद्यालय सित सरोकार राख्नेवालाहरुको भावनालाई कदर गर्दै कुनै अनियमितता भएमा सो को सप्रमाण सत्य तथ्य उपलव्ध गराउंने छौ ।

..........................
( नृप वहादुर वड )
अध्यक्ष
ऐश्वयी विद्या निकेतन
तथा
ऐश्वर्य वहुमुखी क्याम्पस
धन्गढी, कैलाली

फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९

ऐश्वर्य विद्या निकेतन
माध्यमिक विद्यालय
"सार्वजनिक शैक्षिक गुठी"
धनगढी, कैलाली (सु.अ.), नेपाल
(स्थापित : २०३३)

पत्र संख्या : 2081/082
चलानी नम्बर : 326

मिति :

२५ जना जनशक्तिको क्याम्पसमा समायोजन भई सके पछी उक्त दरवन्दीहरु ऐश्वर्य मा.वि.मा रिक्त रहेको छ । समायोजन भएको जनशक्तिले नै कक्षा ११र१२ तथा क्याम्पसको कक्षाहरुमा पठन-पाठन गर्ने गरेकाले विद्यालयलाई कुनै व्ययभार न भई आर्थिक वचत नै भएको छ ।

(४)विद्यालय व्यवस्थापन समितिले कानून विपरित काम गरिएको सम्वन्धमा: ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीको विधान २०५९मा व्यवस्था भए वमोजिम ऐश्वर्य विद्या निकेतन र ऐश्वर्य वहुमुखी क्याम्पस एउटै छाता संगठन अर्न्तगत सञ्चालनमा छन् । बूदा नं.२ अनुसार विद्यालयले क्याम्पसको नाउँमा जग्गा पास गरेता पनि के क्याम्पसको चल अचल सम्पत्ति सार्वजनिक होईन र ? विद्यालय व्यवस्थापन समितिले कानून विपरीत काम गरेको देखिदैन त्यसैले यो समाचारमा सत्यता छैन ।

(५) ऐश्वर्य विधान र विनियम नगर शिक्षा ऐन विपरित तथा क्याम्पसलाई पोस्ने विनियम सम्वन्धमा: ऐश्वर्य सार्वजनिक शैक्षिक गुठीको विधान २०५९को परिच्छेद -३को दफा ४.३मा व्यवस्था भए अनुरुप विद्यालय सु-सञ्चालनका लागि विनियम तथा निर्देशिका वनाई लागु गर्ने व्यवस्था भए अनुरुप विज्ञहरुको राय अनुसार विद्यालय व्यवस्थापन समितिले मिति २०७७०९।०७को निर्णय नं.६ अनुसार विनियम निर्माण उप-समिति गठन गरी विद्यालय सञ्चालन विनियम २०७८ लागु गरेको हो । ध.उ.म.न.पा.को चलानी नं.८९।२०७८।०७९, मिति २०७९।०३।१७को पत्रानुसार यस विद्यालयको विधान र विद्यालय सञ्चालन विनियम मांग भए वमोजिम नगर प्रमुखज्यूको सचिवालयमा समेत पठाई सकेको व्यहोरा सम्वन्धितलाई जानकारी गराईएको छ । उक्त विनियम कुनै व्यक्ति विशेषले वनाएको त होइन । त्यसैले यो समाचारमा पनि कुनै सत्यता छैन ।

(६) ऐश्वर्य विद्या निकेतनमा भवनको अभाव र विद्यालय र क्याम्पस व्यवस्थापन समितिको अध्यक्ष एउटै भएको सन्दर्धमा : यस विद्यालयले भवन निर्माणका लागि प्राविधिकले तयार पारिएको नक्सा र डिजाईन अनुसार चार तले भवनको नक्सा ध.उ.म.न.पा.वाट पास गराई सकेको अवस्था रहेको छ । सो सम्वन्धि आर्थिक कारोवारका लागि सम्वन्धित निकाय र वैक संग प्रकृयामा रहेको व्यहोरा अवगंत गराइएको छ । साथै विद्यालय सञ्चालन विनियम २०७८को परिच्छेद-२ को दफा-३मा व्यवस्था भए वमोजिम तथा शिक्षा ऐन २०२८को आठौं संशोधन सहितको दफा-१२ को उपदफा ४क मा व्यवस्था भए अनुरुप अध्यक्ष चयन हुने व्यवस्था छ ।

(७) क्याम्पस आर्थिक रुपमा सवल हुनै नसक्ने सन्दर्भमा : क्याम्पस २०६३ सालमा स्थापना भई सञ्चालनमा छ ।विश्वविद्यालय अनुदान आयोग वाट गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (QAA) प्राप्त पश्चात क्याम्पस आर्थिक तथा भौतिक रुमा सक्षम भएको छ । उक्त अनुदान आयोगको सहयोग तथा क्याम्पसले वैक संग आर्थिक कारोवारका लागि ऋण लिई चार तले भवन निर्माण गर्न सफल भएको छ । त्यसैले यो समाचार आशंङ्का र कल्पनामा आधारित छ ।

फोन नं. : ०९१-५२०७७९, ५२१०७९, ५२६७७९, मो. : ९८५८४२०१७१, फ्याक्स : ०९१-५२०७७९